# धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल कार्तिक महिना २७ गते बिहीबार)

यस विकास बैंकको शाखा कार्यालय दमौलीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

## तपशिल

### क) कर्जा शीर्षक : सहुलियत कर्जा (महिला उद्यमशिल कर्जा)

**ऋणीको विवरण**

नाम : **तामाङ खाजा घर** प्रोप्राइटरको नाम : निर्मला तमाङ प्रा.फ.र.नं. : ११५९९/०७८/०७९
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, तनहुँ दर्ता मिति : २०७८/०५/२८
रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला व्यास वडा नं. १ स्थायी लेखा नं. : ६१६७०६०११

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

१) मान सिं तमाङको नाति प्रतिमान तमाङको छोरा लमजुङ जिल्ला परेवाडाँडा वडा नं. ८ हाल, तनहुँ जिल्ला व्यास न.पा. वडा नं. १ बस्ने **कृष्ण बहादुर तमाङ** (ना.प्र.नं.: ९६१२ जारी मिति र जिल्ला : २०४७/१२/१३, लमजुङ)

२) मान बहादुर तमाङको बुहारी अर्जुन बहादुर तमाङको पत्नी तनहुँ जिल्ला व्यास वडा नं. १ हाल, व्यास न.पा वडा नं. १ बस्ने **निर्मला तमाङ** (ना.प्र.नं. : ६९७४८ जारी मिति र जिल्ला : २०६०/१०/०६, तनहुँ)

### ख) कर्जा शीर्षक : आवास कर्जा

**ऋणीको विवरण**

मान बहादुर तमाङको बुहारी अर्जुन बहादुर तमाङको पत्नी तनहुँ जिल्ला व्यास वडा नं. १ हाल, व्यास न.पा वडा नं. १ बस्ने **निर्मला तमाङ** (ना.प्र.नं. : ६९७४८ जारी मिति र जिल्ला : २०६०/१०/०६, तनहुँ)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

१) मान सिं तमाङको नाति प्रतिमान तमाङको छोरा लमजुङ जिल्ला परेवाडाँडा वडा नं. ८ हाल, तनहुँ जिल्ला व्यास न.पा. वडा नं. १ बस्ने **कृष्ण बहादुर तमाङ** (ना.प्र.नं.: ९६१२ जारी मिति र जिल्ला : २०४७/१२/१३, लमजुङ)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**

१) मिति २०८१/१०/०९ को पैभाव दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना

२) मिति २०८१/१२/०८ को हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी २१ दिने सार्वजानिक सूचना

३) मिति २०८२/०२/०४ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी १५ दिने सार्वजानिक सूचना

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| निर्मला तमाङ | तनहुँ जिल्ला कर्लुङ वडा नं. ६ | ६फ | १३४७ | ०-३-०-२ |

## शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८२ साल मंसिर महिना ३ गते बुधबार भित्र यस बैंकको शाखा कार्यालय दमौली आईपुग्ने गरि पेश गर्नुपर्ने छ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।

३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।

४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ।

५) प्राप्त बोलपत्रहरु मिति २०८२ साल मंसिर महिना ४ गते बिहीबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय दमौलीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।

९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ